नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कार्य सम्पादन सम्झौता
आ.व. २०८०।८१

यस मन्त्रालय अन्तर्गतको खानी तथा भुगर्भ विभागबाट सम्पादन हुने काम कारवाहीलाई थप प्रभावकारी र नतिजामुखी वनाउन निजामती सेवा ऐन, २०४९ को दफा १५(२), निजामती सेवा नियमावली २०५० को नियम ३४ ख र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(५) वमोजिम श्री मुकुन्द प्रसाद निरौला, सचिव (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (प्रथम पक्ष) र श्री राम प्रसाद घिमिरे, महानिर्देशक, खानी तथा भुगर्भ विभाग (दोस्रो पक्ष) वीच देहायका कार्यशर्तको अधिनमा रही सम्झौतामा उल्लेख भएका कार्यसम्पादन सूचकहरूको नतिजामुखी कार्यसम्पादन गर्ने गराउने प्रतिवद्धता सहित यो कार्य सम्पादन सम्झौता गरिएको छ।

| सि नं. | क्रियाकलाप | उपलब्धी सूचक | मापन आधार | समय सीमा | भार |
|---|---|---|---|---|---|
| १ | भूकम्प मापन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने। | ४२ वटा साइस्मिक स्टेसन संचालन | भूकम्प मापन प्रतिवेदन | असार | १०.० |
| २ | धातुजन्य (तामा, फलाम, Lithium, Rare Earth Element) खनिजहरुको फिल्ड अध्ययन तथा डाटावेश निमार्ण (रुकुमको फलाम खानीको अध्ययन, अन्वेषण कार्य) | अन्वेषण कार्य सम्पन्न | अन्वेषण प्रतिवेदन | चैत | १०.० |
| ३ | डोलोमाईटको औद्योगिक प्रयोगका लागि आवश्यक खनिज भण्डारहरुको भौगर्भिक अध्ययन | अध्ययन कार्य सम्पन्न | अन्वेषण प्रतिवेदन | अषाढ | ५.० |
| ४ | अर्घाखाँची जिल्लामा चुनढुङ्गाको स्याम्पलिङ्ग कार्य (३०० मि.), टोपो सर्भे (५० हे.) र अन्वेषणात्मक ड्रिलिङ्ग (२५० मि.) | अन्वेषण तथा ड्रिलिङ्ग कार्य सम्पन्न | अन्वेषण प्रतिवेदन | जेष्ठ | २०.० |
| ५ | विभिन्न खनिजहरुको प्रवर्धन कार्य गर्ने (१० वटा) | प्रवर्द्धन कार्य सम्पन्न | प्रवर्द्धन प्रतिवेदन | जेष्ठ | १०.० |
| ६ | ६५० वर्ग कि.मि. भौगर्भिक नक्साङ्कन अपडेट | नक्सांङ्कन कार्य सम्पन्न | नक्साङ्कन प्रतिवेदन | चैत | ८.० |

मुकुन्द प्रसाद निरौला

| सि नं. | क्रियाकलाप | उपलब्धी सूचक | मापन आधार | समय सीमा | भार |
|---|---|---|---|---|---|
| | (१:५०००० स्केल) | | | | |
| ७ | भूईञ्जिनियरिङ तथा भूवातावरणिय अध्ययनका लागि मधेश प्रदेश अन्तर्गत रहेको जीतपुर सिमरा र आसपासका क्षेत्रको SPT Parameter को अध्ययन फिल्ड कार्य (१०० वर्ग कि.मि.) | अध्ययन कार्य सम्पन्न | अध्ययन प्रतिवेदन | पुस | ८.० |
| ८ | खानी अनुगमन, निरिक्षण, भेरिफिकेसन तथा वातावरणिय अडिट फिल्ड कार्य (१०० खानी) | अनुगमन कार्य सम्पन्न | अनुगमन प्रतिवेदन | असार | ५.० |
| १० | ग्रेनाइट खनिज भण्डारहरुको भौगर्भिक अध्ययन गरी आयात प्रतिस्थापनको लागि खनिज भण्डारको भौगर्भिक अध्ययन, अन्वेषण तथा स्याम्पलिङ्ग फिल्ड कार्य | अध्ययन कार्य सम्पन्न | अध्ययन प्रतिवेदन | चैत | ३.० |
| ११ | सेरामिक्स तथा टाईल्सजन्य उद्योगका लागि चाहिने कच्चा पदार्थहरुको उद्योग तथा खनिज भण्डारहरुको भौगर्भिक, माटो तथा स्याम्पलिङ्ग अध्ययन फिल्ड कार्य | अध्ययन कार्य सम्पन्न | अध्ययन प्रतिवेदन | चैत | ३.० |
| १२ | विभागद्वारा पहिचान गरिएका ७ जिल्लाका निर्माणमुखि खनिजको पुर्नमूल्याङ्कन गरी प्रवर्द्धन कार्य (३५ स्थान) | अध्ययन कार्य सम्पन्न | अध्ययन प्रतिवेदन | फाल्गुन | ५.० |
| १३ | लगत कायम भएको वेरुजु फछ्र्यौट तथा सम्परीक्षण गराउने । | आ.व.को प्रारम्भमा लगत कायम भएको मध्ये कम्तिमा १०० प्रतिशत वेरुजु फछ्र्यौट तथा सम्परीक्षण भएको हुने । | म.ले.प.बाट सम्परीक्षणको पत्र प्राप्त भएको हुने । | २०८१ आषाढ | ५.० |
| १४ | बजेट कार्यान्वयन कार्ययोजना, कार्य सम्पादन सम्झौता, वार्षिक कार्यक्रम निर्धारित समयमा | प्रगति प्रतिवेदन पेश | प्रगति प्रतिवेदन | हरेक महिनाको प्रगति प्रतिवेदन | ८.० |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

मुकुन्द प्रसाद निरौला
सचिव (उद्योग)

| सि नं. | क्रियाकलाप | उपलब्धी सूचक | मापन आधार | समय सीमा | भार |
|---|---|---|---|---|---|
| | कार्यान्वयन र मासिक प्रगति प्रतिवेदन गर्ने | | | अर्को महिनाको ३ गते भित्र पेश गर्ने। | |
| | जम्मा | | | | १०० |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्मानिय प्रधानमन्त्री र माननिय उद्योग, वाणीज्य तथा आपूर्ती मन्त्रीवीच आर्थिक वर्ष २०८०।८१ को कार्य सम्पादन सम्झौता अनुरुप

क) विभागले हासिल गर्नुपर्ने नतिजा सूचक

| क्र.सं. | नतिजा सूचक | भार | एकाइ | आ.व. २०७९।८० को स्थिति | आ.व. २०८०।८१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च | १० | प्रतिशत | ३५.८९ | १०० |
| २ | गुनासो फछ्र्यौट | ५ | प्रतिशत | १०० | १०० |
| ३ | बेरूजू फछ्र्यौट | ५ | प्रतिशत | | १०० |
| ४ | खानी तथा खनिज अन्वेषण | ५ | संख्या | १० | ४० |

ख) सम्पादन गर्नुपर्ने प्रमूख कार्यहरु

| क्र.म. | कार्यक्रम तथा क्रियाकलाप | समयसिमा |
|---|---|---|

मुकुन्द प्रसाद निरौला
सचिव (उद्योग)

| | | |
|---|---|---|
| १ | नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम विभागीय कार्यक्षेत्र बमोजिमका नीति तथा कार्यक्रम कार्यानव्यन गर्ने | २०८१ असाढ |
| २ | आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम कार्यान्वयन | २०८१ असाढ |
| ३ | सरकारी एकिकृत कार्यालय प्रणाली व्यवस्थापन प्रणाली पूर्णरुपमा लागू गर्ने | २०८० चैत मसान्त |
| ४ | पुराना सवारी साधन तथा सम्पत्ति लिलाम बिक्री गर्ने | २०८० पौष |
| ५ | संगठन र व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्ने | २०८० मंसिर |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कार्यशर्तहरुः

क) यस सम्झौताको अवधि २०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्म १ (एक) आर्थिक वर्षको रहनेछ।

ख) माथि उल्लिखित कार्यसम्पादन सूचकहरुको प्रगतिको आधारमा कार्यसम्पादन मापन गरिनेछ। कार्यसम्पादन प्रगतिलाई वार्षिक कार्यसम्पादन मूल्याङ्कनसँग समेत आवद्ध गरिनेछ।

ग) तोकिएका सूचकहरुको औषत भारमा ८० वा सोभन्दा बढी अङ्क प्राप्त गरेमा उत्कृष्ट, ६५ वा सोभन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेमा सन्तोषजनक, ५० वा सोभन्दा बढी ६५ भन्दा कम अङ्क प्राप्त गरेमा सामान्य र ५० भन्दा कम अङ्क प्राप्त गरेमा कमजोर कार्य सम्पादन भएको मानिनेछ।

घ) माथि उल्लिखित कार्यसम्पादन सूचक बमोजिम आफूले गरेका कार्यहरुको प्रगति विवरण मापन विधि र भारको आधारमा त्रैमासिक र आ.व. समाप्त भएको ७ (सात) दिनभित्र सचिव समक्ष कार्यसम्पादन मूल्याङ्कन फारम साथ कार्यसम्पादन सम्झौताको स्वःमूल्याङ्कन प्रतिवेदन वुझाउनु पर्नेछ।

ङ) सम्झौतामा उल्लेख भए वाहेक अन्य सिर्जनात्मक तथा नवप्रवर्तनीय (Innovative) कार्यहरु समेत सम्पादन गर्न सकिनेछ। त्यस्ता कार्यहरुको सूची सचिव समक्ष पेश गर्नुपर्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव (उद्योग)

च) आर्थिक वर्षको बीचमा सम्झौतामा हस्ताक्षर गर्ने कुनै पदाधिकारीको सरुवा भएमा नयाँ आउने पदाधिकारीलाई स्वतः यो सम्झौता लागू हुनेछ। सरुवा भई जाने पदाधिकारीले कार्यसम्पादनको प्रगति अवस्था र कार्य प्रकियाका वारेमा विस्तृत जानकारी सहित दैनिक डायरी, कार्य संचालन कार्यविधि लगायतका महत्वपूर्ण कागजातहरु नयाँ आउने पदाधिकारीलाई हस्तान्तरण गर्नुपर्नेछ। सम्झौतामा उल्लेख भए अनुसारका बाँकी कार्यहरु सम्पादन गर्ने दायित्व नयाँ वहाल हुने सह सचिवको हुनेछ ।

छ) यस सम्झौतामा समावेश नभएका तर तत्काल कार्यसम्पादन गर्नुपर्ने अन्य कार्यहरु सचिवबाट निर्देशन भए अनुसार सम्पादन गर्नुपर्नेछ।

ज) विभाग/महाशाखा/आयोजनामा सुशासन कायम गर्ने जिम्मेवारी सम्वन्धित प्रमुखको हुनेछ।

झ) आफू मातहतका कार्यालय प्रमुख/कर्मचारीहरुसँग समेत कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

ञ) कार्य सम्पादन सम्झौतामा उल्लिखित कार्यहरू अन्य निकायहरूको कार्य सम्पादनमा आधारित भएमा सो कारणले र कार्य सम्पादनको क्रममा कावु बाहिरको परिस्थिति परी कार्य सम्पन्न हुन नसक्ने अवस्था भएमा सम्झौता गर्ने पदाधिकारीको पूर्व सहमतिमा सम्झौताका परिसूचक र भारमा परिमार्जन गर्न सकिनेछ।

ट) आफ्नो महाशाखा/विभागसंग सम्बन्धित बार्षिक कार्ययोजनाका सबै कार्यहरुको प्रगति कम्तीमा ८०% भन्दा माथि पुऱ्याउनुपर्नेछ ।

ठ) तोकिएको समयभित्र कुनै दुईवटा भन्दा वढी कार्यसम्पादन सूचक सम्पादन हुन नसकेमा वार्षिक मूल्यांकनमा १० अंक घटाईनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

राम प्रसाद घिमिरे
महानिर्देशक
खानी तथा भुगर्भ विभाग
(दोश्रो पक्ष)

मुकुन्द प्रसाद निरौला
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(प्रथम पक्ष)

मुकुन्द प्रसाद निरौला
सचिव (उद्योग)

इति सम्वत् २०८० साल ५ महिना ४ गते रोज २ शुभम् ।